Marsyangdi Corridor 220 kV Project

# घर बहाल सम्वन्धी सुचना

प्रथम पटक प्रकाशित मिति : २०७७/०६/१२

नेपाल विद्युत प्राधिकरण, मर्स्याङ्दी कोरीडोर २२० के.भी. प्रशारण लाइन आयोजनाको लागि कम्तिमा २ वर्षको लागि घर बहालमा लिई आयोजनाको साइट कार्यालय संचालन गर्नु पर्ने भएकोले घर बहालमा दिन इच्छुक घरधनीहरुबाट आफूले दिन चाहेको घरको मासिक बहाल रकम नेपाली रुपियाँमा अंक र अक्षर दुवैमा प्रष्ट खुलाई यो सुचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयभित्र तपशिलमा उल्लेखित स्थानहरुमा आईपुग्ने गरि रितपुर्वकको सिलवन्दी प्रस्तावको लागि यो सुचना प्रकाशित गरिएको छ ।

| सि.नं. | विवरण | खुदी सबस्टेसन तथा प्रशारण लाईन निर्माणको लागि आवश्यक भवन |
|---|---|---|
| १ | स्थान | ➢ मर्स्याङ्दी गाउँपालिका, खुदी बजारबाट ५०० मिटरको क्षेत्र भित्र<br>➢ बेशीसहर - चामे सडकको दायाँ बायाँ मोटर बाटो भएको १०० मिटरको क्षेत्र भित्र |
| २ | कोठा/क्षेत्रफल | कम्तीमा १२' × १२' क्षेत्रफलको १० कोठा भएको वा कोठाको मात्र क्षेत्रफल १५०० बर्ग फिट भएको (अन्य प्यासेज, बरण्डा, भर्याङ गणना नहुने) RCC Piller Structure System भएको हुनुपर्ने |
| ३ | पार्किङ्ग सुविधा | कम्तिमा २ वटा साना सवारी साधन र ४ वटा मोटरसाइकल पाकिङ्ग सुविधा भएको हुनुपर्ने |
| ४ | पानी | पानीको पर्याप्त व्यवस्था भएको हुनुपर्ने |
| ५ | बत्ति | विद्युत मिटर जडान भएको बत्तिको व्यबस्था हुनुपर्ने |
| ६ | शौचालय, बाथरुम | कम्तिमा २/२ वटा हुनुपर्ने (प्रत्येक तल्लामा १/१ वटा हुनुपर्ने) |
| ७ | घर बहाल कर | घरधनीले व्यहोर्न पर्ने |
| ८ | प्रस्ताव पेश गर्ने स्थान | मर्स्याङ्दी कोरीडोर २२० के.भी. प्रशारण लाइन आयोजनाको प्रधान कार्यालय मातातिर्थ, काठमाडौं वा साइट कार्यालय फेदिकुना, लमजुङ |

- बहालमा दिने घरको जग्गाधनी पुर्जा, जग्गाधनीको नागरिकताको प्रतिलिपि र तिरो तिरेको रसिद समेत संलग्न हुनुपर्नेछ ।
- प्रस्तावकले खाम बाहिर, **"घरबहाल सम्वन्धी प्रस्ताव"** भनी स्पष्ट लेखेको हुनुपर्नेछ ।
- सिलवन्दी निवेदन दर्ता गर्ने र खोल्ने दिन विदा परेमा त्यसपछी कार्यालय खुलेको दिनमा माथि उल्लेखित समयमा दर्ता गर्ने र खोलिनेछ ।
- माथि उल्लेखित स्थानमा दर्ता हुन आएका सिलवन्दी निवेदनहरु दरखास्त दिने अन्तिम मितिको भोलिपल्ट दिनको १२:०० बजे आयोजनाको कार्यालय फेदिकुना, लमजुङमा खोलिनेछ । निवेदकहरुको अनुपस्थितिमा समेत प्रस्ताव खोल्न बाधा पर्ने छैन ।
- प्रस्तावित दररेटमा सम्झौता भए अनुसारको घरबहाल रकममा नेपाल सरकारले तोके बमोजिम बहाल कर कट्टा गरि भुक्तानी गरिनेछ ।
- घर भाडामा लिने तथा नलिने सम्वन्धी सम्पुर्ण अधिकार यस आयोजनामा निहित रहनेछ । साथै म्याद नाघि आएको वा रित नपुगेको प्रस्ताव माथि कुनै कारवाही गरिनेछैन ।
- प्रस्तावमा कुनै कुरा अस्पष्ट एवं अधुरो भएमा सम्वन्धीत घरधनी सँग सम्पर्क गरि स्पष्ट गरिनेछ । उक्त स्पष्टता लिखित रुपमा लिइनेछ ।
- आयोजनाको आवश्यकतालाई ध्यानमा राखी उल्लेखित शर्तहरुमा थपघट गर्न सकिनेछ ।


नेपाल विद्युत प्राधिकरण

मर्स्याङ्दी कोरीडोर २२० के.भी. प्रशारण लाइन आयोजना

सम्पर्क नं. ०६६-४०२०९१ (फेदिकुना, लमजुङ)

०१-५१६४१०३ (मातातिर्थ, काठमाण्डौ)